# मनहरी गाउँपालिकाको पुरक विनियोजन विद्येयक

## मनहरी गाउँपालिकाको आर्थिक बर्ष २०७७/२०७८ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट थप रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा मिति २०७७/११/१७ देखि व्यवस्था गर्न बनेको विद्येयक

सभामा पेश भएको मितिः २०७७/११/१७

**प्रस्तावनाः** मनहरी गाउँपालिकाको आर्थिक बर्ष २०७७/०७८ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही थप रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उप-धारा (२) बमोजिम  मनहरी गाउँसभाले यो पुरक ऐन बनाएको छ ।

१.**संक्षिप्त नाम र प्रारम्भः (१)**यस ऐनको नाम “मनहरी गाउँपालिकाको विनियोजन ऐन, २०७७ पहिलो संशोधन” रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२.आर्थिक वर्ष २०७७७०७८ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकारः (१)आर्थिक वर्ष २०७७७०७८ को निमित्त गाउँकार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची हरुमा उल्लिखित चालू खर्च, पूँजिगत खर्च र बित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु.७८,३८,५५,४२०। (अक्षेरुपी. अठहत्तर करोड अड्तीस लाख पचन्न हजार चार सय बिस रुपैया मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिने मा देहायका अनुसुचिहरु अनुसार चालु तथा पुँजिगत खर्चमा १०,००,००,०००.०० थप गरी कुल विनियोजन रु.८८,३८,५५,४२०। (अक्षेरुपी. अठासी करोड अड्तीस लाख पचन्न हजार चार सय बिस रुपैया मात्र) कायम गरीएको छ ।

३. **विनियोजनः (१)** यस ऐनद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७७७०७८ को निमित्त मनहरी गाउँपालिकाको गाउँकार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिएको छ ।

(२)उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँ/नगरकार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा

एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ। पूँजिगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षक तर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्च तर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन।

तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिने छ।

(३)उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशतभन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा गाउँसभाको स्वीकृति लिनु पर्नेछ।

अनुसूचि-१

(दफा २ संग सम्बन्धित)

**नेपालको संविधानको धारा २२९ (२) बमोजिम**

**संञ्चित कोषबाट विनियोजन हुने स्रसोधित रकम**

| **आ.ब.२०७७/०७८ को विनियोजन विद्येयक** | | |
|---|---|---|
| **क.स.** | **विषय क्षेत्र** | **विनियोजित रकम रु.हजारमा** |
| | **आर्थिक विकास** | **५३६५०** |
| | कृषि | २८४५० |
| | उद्योग तथा वाणिज्य | २९०० |
| | पर्यटन | १३५०० |
| | सहकारी | २६०० |
| | उर्जा लघु तथा साना जलबिधुत | ६२०० |
| | **सामाजिक विकास** | **२८५१३५** |
| | शिक्षा | १५४२२० |
| | स्वास्थ्य | ३५४६३ |
| | खानेपानी तथा सरसफाइ | ५७०५० |
| | संस्कृति प्रवर्द्धन | ६४५० |
| | खेलकुद तथा मनोरञ्जन | ७४५० |
| | लैगिक समानता तथा सामाजिक समावेशीकरण | २४५०२ |
| | **पूर्वाधार विकास** | **३६८६४०** |

| | | |
|---|---|---|
| | स्थानीय सडक, पुल तथा झोलुङ्गेपुल | २६९८२० |
| | सिंचाई | ३३०० |
| | भवन तथा सहरी विकास | ७२५०० |
| | सञ्चार | ८०० |
| | भुक्तानी दायित्व सरेको रकम | २२२२० |
| | **वातावरण तथा विपद व्यवस्थापन** | **२५१००** |
| | वन तथा भु-संरक्षण | ० |
| | जलाधार संरक्षण | ० |
| | वातावरण संरक्षण, जलवायु परिवर्तन | ० |
| | फोहरमैला तथा ढल व्यवस्थापन | ० |
| | जलउत्पन्न प्रकोप नियन्त्रण | २००० |
| | विपद व्यवस्थापन | १५००० |
| | सामाजिक सुरक्षा तथा रोजगारी व्यबस्थापन | ८१०० |
| | वारुण यन्त्र सञ्चालन | ० |
| | **संस्थागत विकास, सेवा प्रवाह र सुशासन** | **१५१३३०.४२** |
| | सामान्य सेवा | ७२४०० |
| | सुरक्षा व्यवस्थापन | ० |
| | सूचना प्रविधि | ० |
| | पञ्जिकरण व्यवस्थापन | ४२०० |
| | स्थानीय तथ्याङ्क संकलन र अभिलेख व्यवस्थापन | ३०० |
| | सुशासन प्रवर्द्धन | १०००० |
| | अनुसन्धान तथा विकास | ० |
| | अन्यत्र वर्गिकृत नभएको | ६४४३०.४२ |
| **जम्मा बजेट** | | **८८३८५५.४२** |